**बैठक संख्याः ७७**

**मिति २०७७/१२/२२ गते**

**नगरकार्यपालिकाको बैठकका निर्णयहरु**

१. खण्ड ७० संख्या ४६ नेपाल राजपत्र भाग ३ मिति २०७७/१२/२ को अनुसुची-३ अनुसार व्यक्तिगत घटना सम्बन्धी दस्तुर तथा शुल्क मिति २०७७।१२।२४ गतेदेखि देहाय बमोजिम हुनेगरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- व्यक्तिगत घटना दर्ताको विलम्व शुल्कः रु २००/-
- व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुरः रु ५००/-
- व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुरः रु २००/-

२. आर्थिक बिकास समितिबाट सिफारिस भए अनुसार संघीय सरकारको लागत साझेदारीमा मध्यमहाडी लोकमार्ग दुध उत्पादन कार्यक्रम र प्रदेश सरकारको मध्य पहाडी लोकमार्ग दुध उत्पादन कार्यक्रम (स्थानिय तह) संचालित दुबै कार्यक्रमका लागि गठित प्राविधिक समितिले पेश गरेको स्पसिफकेसन बमोजिम भैंसी/ पाडी/ थोरे खरिदका लागि अधिकतम मूल्य रु. ३५,०००/- ( पैंतिस हजार रुपैंया मात्र ) रहने गरि ई-बिडिङ्ग गर्ने निर्णय गरियो । साथै, आर्थिक बिकास समितिबाट अनुमोदीत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना बाख्राको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रमका लागि गठित प्राविधिक समितिले पेश गरेको स्पसिफकेसन बमोजिम प्रजनन योग्य बाख्रा / पाठी खरिद अधिकतम मूल्य रु १४,०००/- ( चौध हजार रुपैंया मात्र ) रहने गरि ई-बिडिङ्ग गर्ने निर्णय गरियो ।

३. नेपाल सरकारबाट आर्थिक बर्ष २०७७।७८ का लागि पाँचखाल नगरपालिकामा हस्तान्तरित कार्यक्रम मध्ये राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत सुधारिएको चुलो (बायोमास) प्रविधि जडानका लागि विनियोजित २,००,०००/- र वायोग्यास जडानका लागि विनियोजित रु २,००,०००/- समेत संशोधन गरी सौर्य उर्जा प्रविधि जडानका लागि जम्मा रु. ४,००,०००/- बाट एकमुष्ठ रुपमा नगरपालिकाका सेवाग्राही बढी भएका वडा कार्यालयहरुमा सोलार व्याकप जडान कार्यका लागि पेश भए बमोजिम कार्यक्रम शंशोधन स्वीकृति गर्ने निर्णय गरियो । साथै उक्त कार्यका लागि नियमानुसार खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४. कोभिड-१९ बाट सुरक्षित रहन स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न आम नागरिकमा अनुरोध गर्ने निर्णय गरियो । साथै भिडभाड हुने सभा सम्मेलन कार्यक्रम हाललाई नगर्ने नगराउने निर्णय गरियो । विद्यालयमा समेत भिडभाड नहुन शैक्षिक कृयाकलाप सञ्चालन गर्न निर्देशन दिने निर्णय गरियो ।

५. सामाजिक सुरक्षाका विषयमा वडा कार्यालयबाट यस पाँचखाल नगरपालिकाका लागि हुने सिफारिस दस्तुर निशुल्क गर्ने निर्णय गरियो । हालसालै सामाजिक सुरक्षा विवरण अध्यावधिक गर्नका लागि गरिएका सिफारिसका लागि कुनै कुनै वडा कार्यालयले शुल्क लिएको दखिएकोमा आवश्यक कानूनी प्रकृया अपनाई उक्त सिफारिस दस्तुर फिर्ता गर्ने निर्णय गरियो ।

६. पाँचखाल नगरपालिकाको परम्परागत उपचारकको सूचिकरण मापदण्ड, २०७७ को मस्यौदा स्वीकृति गर्ने निर्णय गरियो ।

७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, एवं अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन कार्यविधि २०७७ को दफा ३ बमोजिमको नगरस्तरीय सहजीकरण समितिमा कार्यपालिका सदस्यहरु मध्येबाट एक दलित महिला सहित दुई जना महिला हुनुपर्ने व्यवस्था बमोजिम कार्यपालिका सदस्य श्री ईन्दिरा मिजार र श्री माईली दनुवारलाई नियुक्ति गर्ने निर्णय गरियो ।

८. अनैकोट-१ को सीमा विवाद सम्बन्धमा थप छलफल गरी आवश्यक काम कारवाही गर्न पूर्ण अधिकार सहितको देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

नगरउपप्रमुख श्री लक्ष्मी दनुवार- संयोजक

वडा नं १ का वडाध्यक्ष श्री अष्टबहादुर तामाङ-सदस्य

**बैठक संख्याः ७७**

**मिति २०७७/१२/२२ गते**

**नगरकार्यपालिकाको वैठकका निर्णयहरु**

वडा नं २ का वडाध्यक्ष श्री हरिराम खतिवडा-सदस्य

वडा नं १ का प्राविधिक श्री सागरमान लोप्चन- सदस्य

वन वातावरण शाखा प्रमुख श्री गणेश खरेल-सदस्य सचिव

९. पाँचखाल नगरपालिकाको स्थानीय भाषाको पाठ्यक्रममा तामाङ र दनुवार भाषालाई समावेश गर्न आवश्यक कार्य अगाडी बढाउन नगर शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

१०. पाँचखाल नगरपालिकाको वडा नं. ८ को चिसापानीमा भएको आगलागीबाट खानेपानीको पाईप जली नष्ट भएकोमा आवश्यक पाईपको व्यवस्था गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

११. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाका लागि पाँचखाल नगरपालिकामा कार्यरत एम आई एस अपरेटर र फिल्ड सहायकहरुलाई निरन्तरता दिन आगामी आर्थिक बर्षमा एक चौमासिक बापत हुन आउने बजेट साझेदारीको प्रतिवद्दता व्यक्त गर्ने निर्णय गरियो ।

१२. हेलो सञ्चार प्रा. लि. धुलिखेल, काभ्रेपलाञ्चोकले रेडियो कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गरेकोमा उक्त प्रस्ताव मध्ये कार्यक्रम उत्पादन तथा प्रसारण कार्यका लागि जम्मा रु ३,००,०००/- तिन लाख रुपैंया मात्र पाँचखाल नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को खर्च शिर्षक नं २२७११ को विविध खर्चबाट विनियोजन गर्ने निर्णय गरियो ।

१३. मिति २०७५/१२/११ को पाँचखाल नगरकार्यपालिका वैठकको निर्णय नं. १५ बाट भएको निर्णयको हकमा पाँचखाल नं.पा. वडा नं.९ स्थित साठ्िघर भगवती भनिने टोल भित्रको dead end बाटो ३०० मिटर भित्र टुङ्गिने भएतापनि उक्त सडकको चौडाई २० फिट (setback सहित एकमुस्ट) कायम गरी मात्र घर नक्सा पास गर्ने निर्णय गरियो ।

१४. यस अघिको पाँचखाल नगरकार्यपालिकाको वैठकबाट गरिएको घर/नक्सा नियमित गर्ने कार्य अन्य प्रावधान सोही बमोजिम हुने गरी २०७८ साल चैत्र मसान्त सम्म कायम गर्ने निर्णय गरियो । साथै २०७३ फागुन २७ गते भन्दा पहिले कुनै न कुनै रुपमा तत्कालीन गा.वि.स. वा नगरपालिका बाट नक्सा स्वीकृत गराई निर्माण भएको वा निर्माणाधीन घर लगाएतका संरचनाहरुलाई हाल कायम रहेको अवस्था वमोजिम हुने गरी निर्माण सम्पन्न प्रमाण-पत्र दिने निर्णय गरियो ।

१५. नेपाल सरकार, प्रदेश सरकार एवं अन्य तालुक निकायबाट कार्यान्वयनका लागि प्राप्त योजना/कार्यक्रम/बजेटलाई विध्युतीय बोलपत्र/सिलबन्दी दरभाउपत्र/कोटेशन वा अन्य उपयुक्त सार्वजनिक खरिद प्रकयाबाट सञ्चालन गरी बाँकी भएको बजेटलाई सोही शिर्षकमा पुनः उपयुक्त सार्वजनिक खरिद प्रकयाबाट खर्च गर्ने निर्णय गरियो । यसै निर्णय बमोजिम पाँचखाल नगरपालिकाका लागि नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त सशर्त, समपुरक एवं विशेष अनुदान, स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम तथा प्रदेश पुर्वाधार साझेदारी कार्यक्रमका लागि प्राप्त भएको बजेटबाट ई- विडिङ गरी बाँकी रहेको रकमबाट सोही शिर्षकमा उपभोक्ता समितिमार्फत थप काम गर्ने निर्णय गरियो ।

१६. पाँचखाल नगरपालिकाको कृषि शाखा अन्तर्गत रहेर कार्य गर्नका लागि सहायकस्तर पाँचौं तहको एकजना कृषि प्राविधिक कर्मचारीको करार सेवा लिनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त वजेटबाट विभिन्न वडामा योजना सञ्चालन भई बाँकी भएको बजेटबाट सोही वडा वा अन्यत्र वडा कार्यालयबाट यथाशिघ्र योजना माग गरी कार्य सञ्चालन गर्न रोजगार सेवा केन्द्रलाई निर्देशन दिने निर्णय गरियो ।

१८. पाँचखाल नगरपालिकाको घरघरबाट संकलन हुने जैविक फोहोर व्यवस्थापनका लागि सार्वजनिक सूचना मार्फत आर्थिक एवं प्राविधिक प्रस्ताव आव्हान गरी मुल्यांकन समितिबाट सिफारिस भएको रिकिसी कम्पोस्ट प्रा. लि.

**बैठक संख्याः ७७**

**मिति २०७७/१२/२२ गते**

**नगरकार्यपालिकाको बैठकका निर्णयहरु**

भक्तपुरसँग तपशील बमोजिमका शर्त राखी सम्झौता गर्ने निर्णय गरियो । उक्त सम्झौतामा हस्ताक्षर गर्नका लागि पाँचखाल नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने निर्णय गरियो । साथै दुई पक्षीय सम्झौतामा हस्ताक्षर भएपछि निजले राखेको बिड बन्ड फिर्ता गर्ने निर्णय गरियो । साथै पाँचखाल नगरपालिकाको समन्वय र निजी क्षेत्रको साझेदारीमा घरघरको फोहर संकलन गरी प्रांगारिक मल उत्पादन तथा प्रशोधन गर्ने सम्बन्धी कार्यविधि २०७७ को नियम १८ (२) लाई शंसोधन गरी हटाउने निर्णय गरियो ।

**तपसील**

१. पाँचखाल नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण खेतबारीमा उपलब्धताका आधारमा प्राङ्गारिक मल प्रयोग गर्न लगाई नगरपालिकालाई अर्गानिक नगरपालिका बनाउने मुख्य उद्देश्यका साथ कम्पोष्ट मल कारखाना सञ्चालन गरिनेछ, यसमा दुबै पक्ष मञ्जुर गर्दछ ।

२. दोस्रो पक्ष पाँचखाल नगरपालिका क्षेत्रभित्रका प्रत्येक वडाका मुख्य बजार क्षेत्रमा अनिवार्य रुपमा प्रत्येक घर-घरमा गई फोहोर संकलन र व्यवस्थापन गर्ने र संकलित फोहोरबाट जापानी प्रविधि प्रयोग गरी उच्च गुणस्तरको प्राङ्गारिक मल उत्पादन गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

३. फोहोरलाई उचित ढंगले व्यवस्थापन गर्ने सम्बन्धमा प्रथम पक्षको क्षेत्र भित्रको घर घरमा गई जनचेतना जनाउने कार्य दोश्रो पक्षले गर्नुपर्नेछ, यसमा प्रथम पक्षले समन्वय गर्न सक्नेछ ।

४. उत्पादन गरिने प्रांगारिक मल उच्च गुणस्तरीय हुनुपर्नेछ, मलको गुणस्तर कायम गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

५. दोस्रो पक्षले उत्पादन गरेको अर्गानिक मलको प्रयोग गर्ने विधि तथा अर्गानिक खेती गर्ने सम्बन्धमा प्राविधिक जनशक्तिद्धारा पाँचखाल नगरपालिकाका कृषकहरुलाई कृषि शिक्षा तथा तालिम प्रदान गरी अर्गानिक खेति गर्न प्रेरित गर्ने दायित्व दोश्रो पक्षको हुनेछ । यसमा प्रथम पक्षले आवश्यकता अनुसार सहयोग गर्न सक्नेछ ।

६. अर्गानिक मल उत्पादनको लागि चाहिने एवं अन्य सम्पूर्ण फोहोर व्यवस्थापन गर्न आवश्यक नेपाली तथा जापानी प्रविधि, जनशक्ति र कच्चापदार्थको व्यवस्था दोस्रो पक्ष आफैले गर्नुपर्नेछ ।

७. दोश्रो पक्षले कम्पोस्ट मल कारखाना प्रदेश सरकार मार्फत यस नगरपालिकालाई प्राप्त अनुदानमा आधारित भई निर्माण गर्ने भएकोले कम्पोस्ट मल बनाउने प्रयोजनको लागि निर्माण गरिने संरचना सोही कार्यको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

८. प्रकरण नं. ७ मा उल्लेखित संरचना कम्पोस्ट मल बनाउने प्रयोजनको लागि प्रयोग नभएमा वा दोश्रो पक्षले तोकिए अनुसार कार्यक्रम सञ्चालन नगरेमा वा गर्न नसकेमा नेपाल सरकार, प्रदेश एवं स्थानीय सरकारको प्रचलित कानून बमोजिम हुनेछ, यसमा दोश्रो पक्ष मञ्जुर गर्दछ ।

९. निजी क्षेत्रको ५० प्रतिशत साझेदारीमा कार्यक्रम कार्यान्वयन हुने भएकोले पाँचखाल नगरपालिका क्षेत्रका घरघरमा उत्पादित जैविक एवं अजैविक फोहर व्यवस्थापन, कारखाना तथा भण्डार स्थापना, प्राङ्गारिक मलको उत्पादन, प्रशोधन र कृषकहरुलाई प्राङ्गारिक मलको बिक्री वितरण गर्ने र सो को लागि आवश्यक पर्ने जग्गाको व्यवस्थापन गर्ने सम्पूर्ण दायित्व दोश्रो पक्षको हुनेछ ।

१०. कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक/दक्ष वा अन्य जनशक्तिको व्यवस्था दोस्रो पक्षले गर्नु पर्नेछ ।

११. कारखाना कार्यान्वयनको क्रममा आवश्यक पर्ने जनशक्ति र दोश्रो पक्षले सम्भव भएसम्म स्थानीय स्तरबाट प्राप्त गर्नुपर्नेछ ।

१२. दोस्रो पक्षले प्रति महिना कम्तीमा १०००० (दश हजार) मेट्रिक टन प्राङ्गारिक मल उत्पादन गरी बिक्री वितरण गर्नुपर्नेछ ।

१३. दोस्रो पक्षले फोहर व्यवस्थापन गरी अर्गानिक कम्पोष्ट मल उत्पादन गर्नको लागि मल बनाउने कारखाना, मल उत्पादनको लागि आवश्यक पर्ने मेशिन, औजार र आवश्यक जग्गा आफैं व्यवस्थापन गर्नु पर्नेछ ।

१४. नयाँ प्रविधिबाट (कार्वन नाइट्रोजन व्याक्टेरिया तथा मिनिरल्सको मिश्रणबाट) प्राङ्गारिक मलको उत्पादन तथा प्रशोधन गरी बिक्री वितरण गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ । जैविक बाहेकका फोहोर

व्यवस्थापनका लागि प्रयोग गरेको डम्पिङ साइड/ ल्याण्डफिल्ड साइडको दुर्गन्धित तरिकाले न्युनतम फोहोर उत्सर्जन हुने गरी व्यवस्थापन गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

१५. यस सम्झौता बमोजिम काम सञ्चालन गर्ने क्रममा विद्यमान प्रचलित कानुनमा कहि कतै अड्चन आएमा वा कहि कतै बाधा व्यवधान आएमा सो निरुपण भए पश्चात निरुपणमा भएको व्यवस्था अनुसार हुनेछ ।

१६. संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायले कार्यक्रम कार्यान्वयन पक्षको अनुगमन गर्न तथा सुझाव दिन सक्नेछ र सोको पालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

१७. कार्यक्रम सञ्चालन गर्न स्थानीय नागरिक/बासिन्दाहरुको समन्वय र समझदारी कायम गरी विवाद नआउने गरी कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ। यस कार्यमा पहिलो पक्षले समन्वय गर्न सक्नेछ।

१८. कार्यक्रम सञ्चालन गर्दा काबु बाहिरको परिस्थिति भई वा अन्य कुनै कारण क्षति भएमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

१९. कारखानाबाट उत्पादित अर्गानिक कम्पोष्ट मल स्थानीय किसानहरुलाई प्राथमिकताको आधारमा दिनुपर्नेछ र सोमा २० % छुटको व्यवस्था दोस्रो पक्षले गर्नुपर्नेछ।

२०. अर्गानिक कम्पोष्ट मल उत्पादन गरेको अभिलेख प्रत्येक महिना नगरपालिकाको कार्यालयमा बुझाउनुपर्ने छ।

२१. दोस्रो पक्षले फोहर व्यवस्थापन गरे वापत पाँचखाल नगरपालिकाको आर्थिक ऐन बमोजिम प्रत्येक घर, होटल व्यवसाय आदिवाट शुल्क संकलन गर्नु पर्नेछ ।

२२. उल्लिखित शर्तहरु यस सम्झौतापत्रका कुनै एक पक्षले पालना नगरेको कारणले अर्को पक्षलाई कुनै हानी नोक्सानी तथा क्षती हुन गएमा कानुन बमोजिम हुने कुरामा सम्झौताका दुवै पक्ष मन्जुर छौं ।

२३. यस सम्झौताको विषयमा कुनै विवाद सिर्जना वा यस सम्झौतामा उल्लेख नभएका विषयमा दुवै पक्षको आपसी छलफलबाट समाधान गरिनेछ।

२४. प्रथम पक्षले फोहोर व्यवस्थापन गर्नको लागि हाल प्रयोग गरिरहेको गाडी दास्रो पक्षलाई सोही प्रयोजनको लागि उपलब्ध गराउनेछ। उक्त गाडीको इन्धन, मर्मत तथा चालक लगायतको सम्पुर्ण खर्च दोस्रो पक्षले व्यहोर्नुपर्ने छ।

२५. यस सम्झौतामा उल्लेखित शर्तहरु कार्यान्वय गर्ने कममा दोस्रो पक्षले अन्य पक्षसंग  समन्वय र सहकार्य गरी कार्य सञ्चालन गर्न सक्नेछ। यस सम्झौतामा उल्लेखित शर्त सम्बन्धमा दोस्रो पक्षको दायित्व हुनेछ ।

२६. दोस्रो पक्षलाई प्रांगारिक मल बनाउन आवश्यक पर्ने कच्चा पदार्थ (माटो, पतकर, घासपात आदि) स्थानीय वन उपभोक्ता समितिसंग समन्वय गरि दोस्रो पक्षले लिनुपर्ने छ।

२७. यस सम्झौतामा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्यमा मुलुकी देवानी संहिता, २०७४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

२८. यस सम्झौतामा प्राप्त बजेट दोस्रो पक्षले २०७८ असार मसान्त भित्र खर्च गरि सक्नुपर्ने छ।

२९. यो सम्झौताको अवधि मिति २०७७/१२/२३ देखि लागु भई २० वर्ष सम्म कायम रहनेछ।

३०. यो सम्झौतापत्र पाँचखाल नगरपालिकाको कार्यालय पाँचखालमा बसी लेखिएको हो।